# उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८
चलानी नं :- ८६२

मितिः-२०७७/०६/०७

विषयः बैंक खाता खोली IEMIS मा प्रविष्टि गर्ने सम्बन्धमा ।

श्री महालंगुर मा.वि. उमाकुण्ड १, गुम्देल,
श्री सिद्धेश्वर मा.वि, उमाकुण्ड २, बाम्ती,
श्री चण्डेश्वरी मा.वि. उमाकुण्ड ४, प्रिती,
श्री सेतीदेवा आ.वि. उमाकुण्ड ४, लाप्चाने,
श्री सरस्वती मोवि. उमाकुण्ड ५, सुनुवारधारा,
श्री कैलेश्वर मा.वि. उमाकुण्ड ६, गुप्तेश्वर,
श्री कास्थेम मा.वि. उमाकुण्ड ७, भुजी,
श्री ठिन्केपु आ.वि. उमाकुण्ड ७, पिपालडाँडा,

प्रस्तुत विषयमा पिएमटी फारामबाट विपन्न विद्यार्थीहरुको पहिचान गरी कक्षा ९ देखि १२ का विद्यार्थीहरुलाई लक्षित छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि शैक्षिक सत्र २०७६।०७७ मा कक्षा ८ र १० का सामुदीयक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुका लागि अनलाइन दरखास्त आहवान भएको व्यहोरा सर्वविदितै छ । सो को आधारमा छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीहरुको सूची प्रकाशन गरिएकोले सो सूचीमा छनोट भएकोमध्ये हाल कक्षा ९ मा अध्ययनरत् र कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरुको (भर्ना भएको विषय सहित खुल्ने गरी) बैंक खाता सहितको विवरण (IEMIS मा भएको विद्यार्थीको विवरण नाम, थर आदि र बैंक खाता खोल्दा फरक नपर्ने गरी) विद्यालयहरुले छनोट भएका विद्यार्थीहरुलाई 'क' वर्गको बैंकमा मिति २०७७।०६।३० भित्र खाता खोल्न लगाउने र सो को विवरण छात्रवृत्तिका लागि आवेदन गरेको विद्यालयबाट तपसिलको ढाँचामा अंग्रेजी अक्षरमा टाइप गरी अनिवार्य रुपमा मिति २०७७।०६।१० देखि २०७७।०७।३० गतेभित्र iemis.doe.gov.np मा प्रविष्टि गराउनुहुन अनुरोध छ । साथै विद्यार्थीहरुको कबुलियतनामा समेत IEMIS मा प्रविष्टि गरी सो को हार्डकपी शिक्षा विकास तथा समन्वय इकाई रामेछापमा पठाउनु हुन अनुरोध गरिन्छ ।

तपसिल

District

| S.N. | School Name | IEMIS Code | Student Name | Bank Branch Name | Account No. | Class | Subject (Science/Non Scicence) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

कबुलियतनामा र छनोट भएको विद्यार्थीको विवरण www.umakundamun.gov.np वा www.doe.gov.np मा पनि हेर्न सकिन्छ ।

ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत